# रास्कोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४

नगरसभााबाट स्वीकृत मितिः २०७४।१२।२६

सम्बत २०७४ सालको ऐन नं. ६

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम रास्कोट नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम रास्कोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन रास्कोट नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले रास्कोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले रास्कोट नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले रास्कोट नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रास्कोट नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्डवनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रास्कोट नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

(२) यस अघि कार्यपालिकाबाट पारित गरी लागू भएको प्रशासकीय कार्यविधि नियमावली यसै ऐन बमोजिम भएको मानिनेछ ।

........................

(काशीचन्द्र बराल)

नगरप्रमुख

रास्कोट नगरपालिका

रास्कोट, कालिकोट

कर्णाली प्रदेश, नेपाल

प्रमाणिकरण मितिः इति सम्बत २०७४ साल चैत्र २८ गते रोज ४ शुभम् ।